सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक २०५ ♦ २०८१ साल वैशाख ७ गते शुक्रवार ♦ 19 April 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# मधेश सरकारको मन्त्री परिषद विस्तार

## माओवादीका दुई र नेकपा एसका एक गरि तिन मन्त्री र एमालेका एक राज्य मन्त्री नियुक्त

**खबर दर्पण समाचारदाता**

**वैशाख ६ गते, बर्दिवास**



मधेश सरकारका मुख्यमन्त्री सरोज कुमार यादवले मन्त्री परिषद विस्तार गरेको छ । मंगलवार मुख्यमन्त्री यादवले चौथो पटक बिश्वासको मत लिने क्रममा आफुले रोजेको मन्त्रालय पाउनुपर्ने अडान लिएको माओवादीलाई थप एक मन्त्रालय सहित माओवादीका दुई र नेकपा एसका एक गरि तिन मन्त्री र एमालेका एक राज्य मन्त्री नियुक्त गरेका छन् ।

माओवादी संसदिय दलको नेता भरत साहलाई बिना बिभागिय मन्त्रीमा र यस अघि माओवादी संगै रहेको उद्योग बाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवको ठाँउमा युवराज भट्टराईलाई नयाँ मन्त्री नियुक्त गरिएको छ भने नेकपा एसकी बेचि लुंगेलीलाई बिना बिभागिय मन्त्री बनाइएको छ । साहले अर्थ वा भौतीक पुर्वाधारमा दावी गरेपछि कुरा नमिलेकाले तत्काल बिना बिभागिय बनाइएको छ ।

उनीहरुलाई प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले पद तथा गोपनियताको सपथ खुवाइन भने एमालेबाट गृह, सञ्चार तथा कानुन राज्यमन्त्री बनेकी शारदा देवी थापालाई मुख्यमन्त्री यादवले सपथ ग्रहन गराएका छन् । बिश्वासको मत दिने क्रममा संघिय सरकारका नेतृत्वकर्ता माओवादीका नेताहरु असन्तुष्ट बनेपछि मुख्यमन्त्रीलाई हम्मे परेको थियो ।

स्रोतका अनुसार पछि प्रधानमन्त्री प्रचण्डको समन्वयमा रोजेको मन्त्रालय दिने सहमती भएपछि माओवादीले मुख्यमन्त्रीलाई बिश्वासको मत दिन सहमत भएको थियो ।

त्यसो नभए आफै मुख्यमन्त्री बन्न पहलकदमी लिने माओवादीको रणनिती थियो । जस्मा कांग्रेसले शुभकामना छ समेतको जवाफ फर्काएको स्रोतले बतायो तर मुख्यमन्त्रीले राजेकै मन्त्रालय पाउने बताएपछि बिश्वासको मत पाउन सफल भएको हो ।

# जनकपुरमा जलेर आमाछोरी मृत्यु प्रकरण : हत्या कि आत्महत्या ?

**खबर दर्पण समाचारदाता**

**वैशाख ६ गते, महेन्द्रनगर**

बुधबार राति ८ बजेतिर जनकपुरधाम उपमहानगर पालिका- १६ कपिलेश्वरमा पोखरी नजिक स्थानीयले बच्चा चिच्याएको आवाज सुने ।

आवाज आएतिर हेर्दा आगो झिलिक्क बलेर निभ्न लागेको जस्तो देखे । तत्कालै स्थानीयले प्रहरीलाई फोन गरे र दौडेर त्यहाँ पुगे ।

महिलाको लुगा जलेर जिउ पोलेर मृत्यु भइसकेको थियो सानो बच्चा जिउमा आगो लागेर चिच्याइरहेकी थिइन् । छेउमै त्यहाँ मोबाइलको टर्च बलिर हेकै थियो । जलेर हल्का बाँकी रहेको प्लास्टिकको बोतलमा मट्टितेलको जस्तो गन्ध आयो', एक प्रहरी अधिकारीले भने ।

ती प्रहरी अधिकारीका अनुसार बालिकालाई उपचारका लागि तत्कालै जनकपुर प्रादेशिक अस्पतालतर्फ पठाइयो, तर बाटैमा मृत्यु भयो ।

बिहीबार दिउँसो प्रहरीले मृतकको सनाखत पनि गरेको छ । उनीहरु थिए, महोत्तरीको मनरा सिसवा नगरपालिका-२ की २३ वर्षीया प्रियंका महतो कानु र उनकी छोरी १० महिनाकी माही महतो ।

धनुषाका प्रहरी प्रवक्ता डीएसपी रञ्जन अवालेले घटनास्थलको प्रकृतिले आमाछोरीको हत्या वा आत्महत्या प्रष्ट नभएको बताए । 'अहिलेसम्मको स्थिति हेर्दा आत्महत्या गरेको जस्तो देखिन्छ । अन्य मान्छेको संलग्लनता अहिलेसम्म खुलेको छैन । हत्या भएको जस्तो प्रमाणहरु फेला परेको छैन । तापनि हामी प्राविधिक तर्फबाट पनि अनुसन्धान गर्दै छौं । त्यसबाट केही खुल्छ कि', उनले भने ।

ससुरा फेकन महतोका अनुसार वैशाख १ गते पाखुरा दुखेको भन्दै प्रियंका उपचार गराउन भन्दै माइत गएकी थिइन् । बुधबार दिउँसो १२ बजेतिर उपचारको लागि छोरीसँगै प्रियंका जनकपुरधाम आएकी थिइन् । बुबा श्रवण महतोले नदेखेपछि अपरान्ह ५ बजेतिर घरमा खोजी गर्दा दिउँसै जनकपुर उपचार गराउन घर बाट हिँडेको थाहा पाए ।

'म खाना खाएर सुतेको थिएँ । पाँचबजे उठेपछि तरकारी लिन बजार जाने बेला सोधेँ, बेटी खोई ? अनि परिवारबाट उपचार को लागि जनकपुर गइन् भन्न थाहा पाएँ साँझसम्म घरमा बाटो कुर्दा आइनन् । राति १० बजेतिर फोन आयो छोरी नातिनी यस्तो अवस्थामा भेटियो भनेर', उनले भने ।

प्रियंकाका श्रीमान सुमित गाउँमै मजदुरी गर्छन् । श्रीमान-श्रीमतीबीच ठूलो मनमुटाव भएको पनि नदेखिएको दुबै परि वारको भनाइ छ । ससुरा फेकनले बुहारीको हत्या भएको आशंका गरेका छन् ।


# बर्दिवास मै पहिलो पटक

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौ।

**हाम्रा सेवाहरु:**

**लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**



# नेविसंघको ५५ औं स्थापना दिवसमा स्थानीय तहलाई शैक्षिक सुधारका लागि सुझाव सहितको ज्ञापन-पत्र




**खबर दर्पण समाचारदाता**

**वैशाख ६ गते, बर्दिवास**

नेपाली कांग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघ (नेविसंघ) ले आफ्नो ५५ औं स्थापना दिवस शैक्षिक सुधारका लागि स्थानीयतहलाई ज्ञापन-पत्र बुझाएर मनाएको छ । स्थापना दिवसको अवसरमा नेविसंघले महोत्तरीको १५ वटै स्थानीय तहलाई शैक्षिक सुधार का लागि सुझाव सहित ज्ञापन-पत्र बुझाएको हो।

नेविसंघका केन्दीय सदस्य आशुतोष झा(नविन)ले ५५ औं स्थापना दिवसको अवसरमा शैक्षिक सुधारका लागि सुझावसहित ज्ञापन-पत्र बुझाइएको बताए । झाले महोत्तरीको १५ वटै पालिका नगर प्रमुख लाई ज्ञापन-पत्र बुझाएको बताए । ज्ञापन-पत्रमा १७ बुँदामा माग र सुझावहरु समेटिएका छन् ।

# अब परीक्षा केन्द्रको निर्धारण स्वचालित विधिद्धारा




**खबर दर्पण समाचारदाता**

**वैशाख ६ गते, बर्दिवास**

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को परीक्षा केन्द्र निर्धारण स्वचालित प्रक्रियाबाट गर्ने भएको छ।

स्वचालित विधि हाललाई काठमाडौं जिल्लाबाट नमूनाका रुपमा कार्यान्वनमा ल्याइने छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले परीक्षा केन्द्रलाई प्रभावमा पारी आफ्नो विद्यार्थीलाई सजिलो र प्रतिस्पर्धी विद्यालयका विद्यार्थीलाई दुःख दिने नियतबाट अब केन्द्र निर्धारण नगर्न निर्देशन दिएपछि बोर्डले नयाँ थालनी गर्न लागेको हो।

यो विधिमा हरेक विद्यालयका परीक्षार्थीको संख्या र परीक्षा केन्द्रको सिट संख्याका आधार मा विद्यालय र केन्द्रको दूरी निकालेर विद्यालयबाट नजिक पर्ने केन्द्रलाई प्राथमिकता दिइएको छ।

सकभर औसतमा एक सय ५० भन्दा बढी परीक्षार्थी एकै केन्द्रमा नपर्ने गरी केन्द्र बाँडिएको छ। एउटै सञ्चालक भएका विद्यालयहरूमा केन्द्र नपर्ने गरी छनोट गरिएको थियो भने दुई परस्पर विद्यालयका परीक्षार्थीको केन्द्र एक अर्काकामा पनि नपर्ने गरी व्यवस्था गरिएको जनाइएको छ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृष**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मिथुन**-समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**सिंह** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कन्या** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**तुला** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**धनु** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मकर** -आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ ।पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| खानेपानी हात्तीलेट वर्दिवास-८ | ९७०३८९१४२५ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बर्दिबासमा एक अर्ब १० करोडको लागतमा पाँच तारे होटल 'रामिणी' बन्ने

**खबर दर्पण समाचारदाता**

**वैशाख ६ गते, बर्दिवास**

मुलुकको पर्यटन क्षेत्रमा गतिविधि बढ्न थालेसँगै यस क्षेत्रमा लगानी पनि बढिरहेको छ । कोरोना महामारीपछि सुस्ताएको पर्यटन क्षेत्रमा पछिल्लो समय विदेशी पर्यटक आगमन वृद्धि भएसँगै लगानीकर्ताहरु यसतर्फ आकर्षित भएका हुन् । यसैक्रममा बर्दिबासमा पाँच तारे होटल निर्माण सुरु भएको छ ।

बर्दिबासको पर्यटन विकासमा टेवा पुऱ्याउने उद्देश्यले पाँच तारे होटल निर्माण गर्न लागिएको हो । बर्र्दिदबास नगर पालिका वडा नं १ मा होटल 'रामिणी' को आजदेखि निर्माण सुरु भएको होटलका अध्यक्ष शम्भु घिमिरेले जानकारी दिए । 'होटल निर्माणको आज साइत गरिएको छ, अबको दुईदेखि साढे दुई वर्षमा होटल निर्माण भइसक्ने छ', उनले भने, 'होटल निर्माणपछि व्यवस्थापन र सञ्चालनका लागि भारतको इन्टरनेशनल चेन होटल ल्याउने तयारी भइरहेको छ ।' अध्यक्ष घिमिरेका अनुसार भगवान र ामको जन्मभूमि अयोध्या र माता सीताको जन्मभूमि जनकपुरलाई पर्यटनमार्फत जोड्ने उद्देश्यले होटल निर्माण सुरु गरिएको हो । होटल निर्माणपछि बर्दिबासको मात्रै नभइ जनकपुर र अयोध्याको पर्यटन क्षेत्रमा पनि सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको उनले बताए ।' रामिणी पनि सीता माताको अर्को नाम हो, हिन्दू धर्मालम्बीहरुको आस्थाको केन्द्र अयोध्या र जनकपुर जोड्ने गरी हामीले योजना बनाएका छौँ, होटल निर्माणपछि सोही अनुसार बजारीकरण र प्रबर्द्धन गरिने, उनले भने ।कूल एक बिघा क्षेत्रफलमा निर्माण हुने होटल कूल एक अर्ब १० करोड रुपैयाँ लगानी हुनेछ । जसमा बैंकको ६० प्रतिशत ऋण लगानी रहनेछ ।

अध्यक्ष घिमिरेका अनुसार सातसाता तलाका दुई वटा भवन बन्ने छन् भने होटलमा ८२ वटा रुम हुनेछन् । डिलक्स र स्वीटका साथै दुई वटा प्रेसिडेन्सियल स्वीट रुम हुनेछन् । पाँच तारे होटलमा उपलब्ध हुने सबैखाले जस्तै क्यासिनो, स्वीमिङ पुल, वेलनेसलगायतका सुविधा उपलब्ध हुनेछन् ।हाल नेपालमा पाँच तारे होटलको संख्या २२ छन् भने चार तारे होटलको संख्या ३४ पुगेको छ । होटल संघका अनुसार नेपालमा वार्षिक ३५ लाख पर्यटक धान्ने होटल पूर्वाधार छन् ।होटलकी प्रबन्धक



श्रेया पाँडेले बर्दिबासमा सुविधा सम्पन्न होटलको सुविधा उपलब्ध गराउने उद्देश्यले होटल निर्माण सुरु गरेको बताइन् । उनले बर्दिबासदेखि भारतका दर बन्दा र सीतामाडीलगायत मुख्य बजारहरुलाई समेत लक्षित गरिएको उल्लेख गरिन् ।'हाम्रो योजना बर्दिबासमै लक्जरियस होटलको अनुभव उपलब्ध गराउनु हो, त्यसबाहेक २५ किलोमिटरको दूरीमाा रहेको जनकपुर र छिमकी मुलुक भारतीय बजारलाई पनि लक्षित गरेका छौं, उनले भनिन् । उनका अनुसार हाल भारतका विभिन्न होटल ब्राण्डसँग छलफल भइ रहेको र निकट भविष्यमै टुंगो लाग्ने समेत जानकारी दिइन् । उनका अनुसार होटलमा एक सय १० भन्दा बढीले रोजगार पाउनेछन् । जसमा अधिकांश स्थानीयलाई प्राथमिकता दिइने उनको भनाइ छ ।


## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**



## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**बलवा नगरपालिका, महोत्तरी**



## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**



## हावाहुरी र आगलगीबाट बचौं

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा घुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि वैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।

**औरही नगरपालिका, महोत्तरी**



## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**गौशला नगरपालिका, महोत्तरी**

# टाउको खोला अनि शरिर जंगलमा फेला परेका भारतीय युवक हत्याका अभियुक्त पक्राउ

**खबर दर्पण समाचारदाता**
**वैशाख ६ गते, सर्लाही**

टाउको खोला अनि शरिर जंगलमा फेला परेका भारतीय युवक हत्याका अभियुक्त पक्राउ गएको साउन अन्तिममा लखन्देही खोलामा टाउको र र ानिगन्ज जंगलमा शरीर फेला परेका भारतीय युवकको हत्यामा संलग्न रहेका अर्का भारतीय युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

हरिवन नगरपालिका-४, स्थित पूर्व पश्चिम राजमार्गको लखन्देही पुलमुनि घाँटी भन्दा तलको भाग काटिएको अवस्थामा बेवारिसे पुरुषको टाउको मात्रै फेला परेको थियो । त्यसको दुई दिनपछि लालबन्दी नगरपालिका-१७, स्थित पूर्व पश्चिम राजमार्ग नजिक रानिगन्ज जंगलमा टाउको भन्दा तलको शरीर फेला परेको थियो ।




उक्त टाउको र शरीर भारतको सितामढी थाना पुरौना भिलेज पोष्ट मनियारी वडा नं. ५ बस्ने २३ वर्षीय गोलु भन्ने अभिषेक राजको रहेको भनी पछि परिवार आएर पुष्टी गरेका थिए । अभिषेकको हत्यामा संलग्न रही फरार रहेका भारतको सितामढी सोनवर्षा थाना ग्राम पंचायत पुरनदहा राजवडा पश्चिम वडा नं. ५ बस्ने २७ वर्षीय रन्जित कुमार बैठालाई प्रहरीले पक्राउ गरेको हो ।

बैठालाई सदरमुकाम मलंगवा नगरपालिका-८, गोरखकालीस्थित नेपाल-भारत सीमा दशगजा नजिकै लागिरहेको महायज्ञ मेलामा घुमिरहेको अवस्थामा पक्राउ गरिएको सर्लाही प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) दीपक श्रेष्ठले जानकारी दिए । डिएसपी श्रेष्ठले बैठालाई सर्लाही जिल्ला अदालतबाट म्याद थप गरी हिरासतमा राखेर विभत्स हत्याको घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको बताए ।

# धनुषाबाट एक ट्रक प्याज बरामद



**खबर दर्पण समाचारदाता**
**वैशाख ६ गते, बर्दिवास**

धनुषाबाट एक ट्रक प्याज बरामद भएको छ ।

प्याज बोकेको शहिदनगर नगरपालिका-२ तीनकोरिया वीरेन्द्रबजार सडक खण्डबाट ना.८ ख ६३०० नम्बरको ट्रक सहित नियन्त्रणमा लिएको सशस्त्र प्रहरीले जनाएको छ । ट्रकमा १५२ बोरा प्याज रहेको छ । सशस्त्र प्रहरी बल नेपाल नं. ८ गण धनुषाले कागजपत्र शंकास्पद देखिएपछि प्याजसहित ट्रक नियन्त्रणमा लिइएको जनाएको छ ।

प्याज ३ लाख २७ हजार र ट्रकको २२ लाख मूल्यांकन गरी आवश्यकक कारबाहिको लागि जनकपुर भन्सार कार्यालय पठाइएको जनाएको छ ।


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**मठिहानी नगरपालिका, महोत्तरी**

## हावाहुरी र आगलगीबाट बचौँ

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौँ।

बालबालिकाहरुलाई सलाई, लाईटर वा घुँरको आगोबाट टाढा राखौँ।

फागुनदेखि बैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौँ।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौँ, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौँ।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौँ।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौँ।

**बर्दिवास नगरपालिका, महोत्तरी**

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**सोनमा गाउँपालिका, महोत्तरी**

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा